अछाम जिल्लाको मंगलसेनमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक भैंसीपालन तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३६ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ मंसिर २४ गतेदेखि २६ गतेसम्म अछाम जिल्लाको मंगलसेनमा **"ब्यवसायिक भैंसीपालन तालिम"** सम्पन्न गरेको संस्थाका मंगलसेन कार्यालयका शाखा प्रमुख श्री उमनाथ तिमल्सेनले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री पूर्ण प्रसाद ढुंगाना, श्री कृष्ण बहादुर साउद, शाखा प्रमुख श्री उमनाथ तिमल्सेना र क्षेत्रीय कार्यक्रम अधिकृत श्री मिन बहादुर हमाल रहेका थिए ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत श्री मिन बहादुर हमालले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको मंगलसेन शाखाका प्रमुख श्री उमनाथ तिमल्सेनाले बताएका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

प्रदान गरिरहेको छ । संस्थाले ग्रामिण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता, ब्यवसायिक साक्षरता र सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अति दुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ । संस्थाले २०७६ कार्तिक मसान्त सम्ममा ३ लाख ६६ हजार ५४० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ। संस्थाले २०७६ कार्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब २४ करोड रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब ७७ करोड बचत परिचालन गरेको छ ।



भैंसीपालन परिचय, गाई/भैंसीपालनको महत्व, नेपालमा पालिने विभिन्न स्थानीय तथा उन्नत नश्लका गाई/भैंसीको जातिय परिचय, कमी कमजोरी, संरक्षण तथा विकास, दुग्ध उत्पादनमा गाई/भैंसीको योगदान, दुधालु गाई/ भैंसी छनौट गर्ने प्रक्रिया र यसको महत्व गाई/भैंसीको भाले खोज्ने उमेर, भाले खोजेको समय पत्ता लगाउने, भाले लगाउने उत्तम समय र पहिचान गर्ने तरीका, रोगी तथा निरोगी गाई/भैंसीको पहिचान गर्ने तरिका, रिपिट ब्रिडर्स, गर्भपतन, डिसटोकिया, प्रोल्याप्स रोगका मुख्य मुख्य कारण, लक्षण, उपचार तथा रोकथामका उपायहरु, गाई/भैंसीपालन विधि, उमेर र अवस्था अनुसार गाई/भैंसी, बाच्छा बाच्छी, पाडा पाडीलाई भुई/ठाउँको आवश्यकता तथा स्थानीय श्रोत साधनको प्रयोग गरी उन्नत गोठ निर्माण गर्ने तरिकाबारे जानकारी, ब्याउने गाई/भैंसी, दुहुना गाई/भैंसी तथा बाच्छा र बाच्छी, पाडा/पाडीको

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

हेरचाहको साथै बिगौती दुध र यसको महत्व बारे जानकारी, दुहुना गाई/भैंसीको लागि हरियो घाँस तथा सन्तुलित दानाको महत्वको साथै स्थानीय श्रोतबाट उपलब्ध कच्चा पदार्थहरुको प्रयोग गरी सन्तुलित दाना बनाउने प्रविधि बारे जानकारी, दुधालु गाई/भैंसीको लागि बर्षै भरि हरियो घाँस उत्पादन गर्ने तरिका बारे जानकारी, उन्नत गाई/भैंसीपालन व्यवसायको योजना तर्जुमा र अभिलेख राख्ने तरिका र यसको महत्व, गाई र भैंसीपालन व्यवसायको बजार व्यवस्थापन, बचत परिचालन र बचतका फाईदाहरु संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको मंगलसेन शाखाका प्रमुख श्री उमनाथ तिमल्सेनाले बताएका थिए । व्यवसायिक रुपमा भैंसीपालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदान गरी व्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय कार्यक्रम अधिकृत श्री मिन बहादुर हमालले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा प्रमुख अतिथि मंगलसेन न.पा.का मेयर श्री पदम बहादुर बोहरा तथा सहभागीहरु श्री प्रतिमा भाट र श्री जमुना जैसीले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा भैंसीपालन गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाई व्यवसायमा प्रयोग गरी व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.